


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ५ गते बुधबार ❑ 19 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेश सरकारले भाडा समायोजन गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**



संघीय सरकारले सवारी साधनको भाडा समायोजन गरेसंगै गण्डकी प्रदेश सरकारले समेत भाडा समायोजन गरेको छ।

गण्डकी प्रदेश सरकारको माघ ३ गते सोमबार बसेको क्याविनेट बैठकले उक्त निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता कुमार खड्काले बताए। गण्डकी प्रदेश सरकारले न्यूनतम ५.५५ प्रतिशतदेखि २८ प्रतिशतसम्म भाडा समायोजन गरेको प्रवक्ता खड्काले मंगबलार सार्वजनिक गरेका हुन् । लामो दुरीका यात्रु बाहक बसको हकमा २३.५१ प्रतिशत, नगर बसको हकमा २२.५५ प्रतिशत, ट्रकको हकमा १४.५७ प्रतिशत, जिपको हकमा ५.५० प्रतिशत भाडा बृद्धि गर्ने निर्णय भएको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यबस्था मन्त्री समेत रहेका सरकारका प्रवक्ता खड्काले बताए ।

गण्डकी प्रदेशमा ट्याक्सिको समेत भाडा समायोजना भएको छ। १५ किलोमिटर भित्रमा लागु हुने गरी ट्याक्सी चढ्ने विक्तिकै ८० रुपैया त्यस पश्चात प्रति दुई सय मिटरमा १० रुपैयाका दरले मूल्य निर्धारण गरिएको मन्त्री खड्काले जनाए । प्रदेशको यातायात क्षेत्रलाई चुस्त दुरुस्त पार्न केही नियमहरु समेत लागु गर्ने भएको उनले बताए । ट्याक्सीमा जिपिएस सहित मिटर जडान गर्ने, चालकले निश्चित पोसाक लगाउनुपर्ने, चालकले आफ्नो परिचय पत्र सेवाग्राहीले देखिने गरी राख्ने र भिजिटिङ कार्डको समेत व्यबस्था गर्नुपर्ने व्यबस्था गरिएको मन्त्री खड्काले जनाए । यात्रु बाहक बसमा समेत जिपिएस जडान सहित निश्चित ठाउँमा मात्र रोक्ने व्यबस्था गर्ने तथा कार्डबाट भाडा तिर्ने व्यबस्था गर्ने तयारी गरिएको बताए । संघीय सरकारले सार्वजनीक भाडा दरमा २८ प्रतिशत भाडा बृद्धि गरेकोले भाडा समायोजना गर्नुपर्ने भएकोले भौतिक पूर्वाधार मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समितिको दिएको सिफारिसको आधामा उक्त निर्णय गरिएको मन्त्री खड्काले जनाए। गण्डकी प्रदेश सरकारको क्याविनेटले उक्त निर्णय सहित ५ वटा निर्णय गरेको प्रवक्ता खड्काले बताए। गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धी विधेयक २०७८ को मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृत दिने, गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउन सो सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत दिने निर्णय गरेको उनले जनाए। त्यसै गरी भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने र घरेलु तथा साना उद्योग विकास समितिको प्रदेशमा कार्यरत अस्थायी दरबन्दीका ८ जना कर्मचारीको २०७८/७९ का लागि म्याद थप गर्ने निर्णय गरेको प्रवक्ता खड्काले जनाए।

यसैबिच गण्डकी प्रदेश सरकारसंग करिब तीन महिनाको छलफल पश्चात भाडा समायोजन भएको नेपाल यातायात व्यबसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेश संयोजक भानुभक्त बरालले बताए । पेट्रोलियम पदार्थको मूल्य बृद्धि, टायर, पाटपूर्जा, व्यबस्थापन लगायतका १३ वटा सूचकको आधारमा भाडा समायोजन भएको उनले जनाए।

गण्डकी प्रदेशमा करिब २ लाख ८० हजार सवारी साधनहरु रहेको जसमध्य २८ हजार मात्र सार्वजनिक सवारी साधनहरु रहेको संयोजक बरालले दाबी गरे । प्रदेशमा करिब २ हजार ४ सय ट्याक्सी भएको उनले जनाए । प्रदेश सरकारले भाडा समायोजन गरेर व्यवसायी र सेवाग्राहीहरुको लागि उचित निर्णय गरेको संयोजक बरालले बताए। २०७५ सालमा सरकारले १० प्रतिशत भाडा समायोजन गरेको उनले स्मरण गरे । लामो समय देखि भाडा समायोजन नहुदा एका तर्फ व्यावसायीले मनपरी भाडा लिने र यात्रुलाई समेत अन्यौलको स्थिती भएको प्रदेशबासीले गुनासो गर्दै आएका थिए।

## कोरोनाको कारण यस वर्षको आहा रारा गोल्ड कप दर्शक बिनै संचालन हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**

आहा रारा गोल्ड कपको इतिहासमै पहिलो पटक दर्शक विना आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७८ हुने भएको छ।

क्याराभान गोल्ड कप सहितको २१ औं संस्करणमा दर्शक विना पहिलो पटक उक्त प्रतियोगिता हुने बाध्यता रहेको पोखराको प्रतिष्ठित संस्था सहारा क्लवले मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो ।

यही माघ ६ गते विहिबार देखि पोखरा रंगशालामा सुरु हुने उक्त प्रतियोगितामा एक विदेशी अमेरीकाको विवाईएससी मिनीसोटासहित १० टिमको सहभागिता हुने भएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए । प्रतियोगितामा संकटा क्लब, मछिन्द्र क्लब, नेपाल पुलिस फुटबल क्लब, हिमालयन शेर्पा क्लब, रुस्लान थ्रिस्टार क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, नेपाल ए. पि. एफ. क्लब, मनाङ्ग मर्स्याङ्गदी क्लब र घरेलु टिम सहारा क्लब सहभागि हुने भएको क्लवले जनाएको छ।

'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' भन्ने उद्देश्यले यही माघ १५ गतेसम्म संचालन हुने उक्त प्रतियोगिताको अन्तिम तयारी गरेका वेला तेश्रो लहरको कोरोनाको प्रभाव परेकोले हाल दर्शक विना उक्त प्रतियोगिता संचालन गर्ने तयारी गरिएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए । आयोजक, प्रायोजक, अपिसियल, खेलाडी तथा संचारकर्मी बाहेक अन्य दर्शक विना नै यसपाली आहा राराको इतिहासमै पहिलो पटक आहा रारा गोल्ड कप हुने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताए। यही माघ ६ गते विहिबार आयोजक सहारा क्लव र विभागिय टोली सशस्त्र प्रहरी वलको एपिएफ क्लव बिच खेल हुने भएको क्लवले जनाएको छ।

प्रतियोगिताको बिजेताले १० लाख १ हजार र उपविजेताले ५ लाख १ हजार रुपैयाँ नगद सहित ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएका छन्। गत वर्षको विजेता संकटा क्लब र उपविजेता अफ्रिकन रुट एसोसिएसन डाउल्ला, क्यामरुन रहेको थियो। प्रतियोगिताबाट १ करोड ३६ लाख १ हजार रुपैयाँ आम्दानी गरी १ करोड ६ लाख ४८ हजार ५ सय रुपैयाँ खर्च हुने अनुमान गरिएको महासचिब अधिकारीले जनाए। क्याराभान गोल्ड कप सहित २१ वर्ष देखी निरन्तर सञ्चालन भएको यस प्रतियोगितामा वचत हुन आएको रकम क्लबद्वारा संचालित सुर्य बहादुर के.सी.स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिदै आएको क्लवले जनाएको छ । हाल तेश्रो व्याचको एकेडेमीमा १४ जिल्लाका २४ जना बालकहरु आश्रित छन्।

प्रतियोगितालाई पहिलो संस्करण देखि नै मुख्य प्रायोजकको रुपमा बहुचर्चित मोफसलको व्यापारिकघरना हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउले गरेको छ । दितीय पुरस्कार प्रायोजन सहारा क्लब हङकङ, सर्वोत्कृष्ट खेलाडी पुरस्कार सीताज लाइफ स्टाइलको अप्रिला स्कुटर रहेको छ।

## थप १० हजार २५८ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ४ माघ**

पछिल्लो २४ घण्टामा मुलुकभर थप १० हजार २५८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

यो सोमबारभन्दा तीन हजार ५२४ ले बढी हो । सोमबार देशभर छ हजार ७३४ नयाँ सङ्क्रमित पुष्टि भएको थियो । पछिल्लो २४ घण्टामा १७ हजार ८७२ पीसीआर र चार हजार ९५६ एन्टिजीन विधि गरी कूल २२ हजार ८२८ जनाको नमूना परीक्षण गर्दा १० हजार २५८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा ५६२ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख १७ हजार ५४७ पुगेको छ। यो दर ९४ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ६८ हजार २१५ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा एक लाख तीन हजार ९८३ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । यसरी पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५० लाख ३६ हजार १२० र एन्टीजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ९६ हजार दुई पुगेको छ । कूलमा सङक्रमण दर १७ दशमलव दुई प्रतिशत छ । कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख १३ हजार १४८ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ३९ हजार ४४ रहेको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६२४ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ । हाल भेन्टेलेटरमा २८ र आइसियुमा १५१ जना रहेका छन् भने होम आइसोलेसनमा ३७ हजार ८२६, संस्थागत आइसोलेसनमा एक हजार २१८ र क्वारेन्टिनमा १०० जना रहेका छन् । पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, रुपन्देही र कैलाली रहेका छन् भने दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा धनुषा, पर्सा, नवलपरासी पूर्व, बाँके, दाङ र कञ्चनपुर छन्।

शून्य सङ्क्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा १७ हजार ७०९, ललितपुरमा चार हजार ४७१ र भक्तपुरमा दुई हजार ३९६ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

## कास्कीमा एकै दिनमा ३ सय ४७ सहित प्रदेशमा ६ सय २६ जनामा कोरोना संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ माघ**

कास्कीमा एकै दिनमा ३ सय ४७ सहित गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ६ सय २६ जना कोरोना शंक्रमित भएका छन् । प्रदेशका ११ जिल्ला मध्य कास्कीमा सवै भन्दा धेरै र मनाङमा भने हाल कोरोना शंक्रमित नभएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनायले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

मंगलबार गोर्खामा २२, मुस्ताङमा १, म्याग्दीमा २५, लमजुङमा ५०, तनहुँमा ४१, नवलपरासि पूर्वमा २६, स्याङजामा ६९ जना, पर्वतमा ७ र बागलुङमा ३८ जनामा कोरोना शंक्रमण देखा परेको विज्ञेप्तिमा उल्लेख गरिएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार २ सय ३१ जनाको परिक्षण गर्दा ६ सय ५ जनामा कोरोना नेगेटिभ भएको छ। हाल प्रदेशमा २ हजार ६८ जना होम आइसुलेसनमा रहेको निर्देशनायले जनाएको छ।

तेश्रो लहरको कोरोना शंक्रमण विभिन्न पार्टीहरुको अधिवेसन तथा भेलामा सहभागि नेता तथा कार्यकर्ताहरु बढी प्रभावित भएको विज्ञहरु बताउछन् । गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन, निवर्तमान अर्थ मन्त्री किरण गुरुङ, पोखरा महानगरका मेयर मानबहादुर जिसी लगायतका व्यक्तिहरु हाल कोरोना शंक्रमित भएका छन् । प्रदेशका अस्पतालहरुमा कार्यरत स्वास्थ्यकर्मी समेत शंक्रमित हुन थालेको बताइएको छ भने मानिजसहरु भिडभाड हुने विभिन्न क्षेत्रमा कोरोना शंक्रमणबाट बच्न र बचाउन पालना गर्नुपर्ने नियमहरु क्म पालना हुन थालेको जनगुनासो आउन थालेको छ।



# दक्ष जनशक्ति उत्पादनमा पोउवा संघ र सिटिइभिटीबीच सहकार्य

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

पोखरा उद्योग वाणिज्य संघ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बजारको आवश्यकता अनुरुपको तालिम आयोजना गर्न तयार भएका छन्।

संघ तथा सिटिइभिटी गण्डकीबीच मंगलबार भएको अन्तरक्रिया कार्यक्रममा सो सहमति बनेको हो। कार्यक्रममा व्यवसायीहरुले बजारको आवश्यकता अनुरुपको तालिममा जोड दिए भने सिटिइभिटीबाट सोही अनुरुपको तालिम दिने प्रतिवद्धता व्यक्त भयो। बजारको आवश्यकता अनुरुपको तालिम छिट्टै संचालनमा ल्याइने पनि सो अवसरमा जानकारी गराइयो।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले सानो पुँजीबाटै व्यवसाय सुरु गर्ने वातावरण निर्माणमा जोड दिँदै तालिमहरु स्वरोजगार एवं रोजगारी सिर्जना गर्ने खालका हुनुपर्ने बताए। बजारमा दक्ष कामदार नपाइनु र बेरोजगारी बढ्दै जाने स्थिति अन्त्यको लागि बजारको माग अनुसारको तालिम आयोजना हुनुपर्ने उनको भनाइ थियो।



सो अवसरमा बोल्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) गण्डकीका निर्देशक प्रमोदभक्त आचार्यले सिटिइभिटी बजारको आवश्यता अनुरुपको तालिम दिन तयार रहेको बताए।

सिटीइभिटी उद्यमी बनाउने अभियानमा लागेको बताउँदै उनले तालिम लिएकाहरुलाई ३ प्रतिशत ब्याजदरमा ऋणको व्यवस्था गरिएको पनि जानकारी दिए। निजी क्षेत्रको आवश्कयता अनुसारको जनशक्ति निर्माणको लागि नयाँखाले तालिम दिइने पनि उनको उद्घोष थियो।

अन्तरक्रिया कार्यक्रममा बोल्दै पोउवा संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्कीले संघले उद्योगी/व्यवसायीहरुको माग अनुसारको तालिमको समन्वय गर्ने जानकारी दिए। वाणिज्यतर्फका उपाध्यक्ष अर्जुन पोखरेलले सेवा उद्योग र विशेष गरी पर्यटन उद्योगलाई चाहिने जनशक्ति उत्पादनमा ध्यान दिन सिटिइभिटीसँग आग्रह गरे। पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेबाट संचालित कार्यक्रममा आफ्नो धारण राख्दै संघका कोषाध्यक्ष बलराम आचार्यले तालिम जीवनोपयोगी हुनुपर्नेमा जोड दिए। पोखरा हार्डवयर एसोसियनका अध्यक्ष शेषकान्त ढकालले पानीको धारा,बिजुली,मोटर मेकानिक क्षेत्रमा दक्ष नेपाली जनशक्ति नभएको बताए। पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य हिरामणि पण्डितले पछिल्लो समय फर्निचरमा रङरोगन गर्ने काममा महिलाहरुको आकर्षण बढेको बताउँदै उनीहरुलाई तालिम आवश्यक रहेको औंल्याए। संघका कार्य समिति सदस्य यमनाथ तिमिल्सिनाले बजारमा सिरक-डसना बनाउने नेपाली कामदारसमेत नपाइने जानकारी दिए। मुद्रण व्यवसायी संघ कास्कीका अध्यक्ष गिरबहादुर श्रेष्ठले मुद्रण उद्योगमा दक्ष डिजाइनर र प्रेस अपरेटरको अभाव रहेको बताए। संघका कार्यसमिति बालकृष्ण कोइरालाले हेभी इक्प्युपमेण्ट र निर्माण क्षेत्रका साना मेसिन चलाउने मान्छे पाउनै मुस्किल रहेको जानकारी दिए। संघकी कार्यसमिति सदस्य पवित्रादेवी गुरुङले दक्षताको लागि तालिम दिइनुपर्ने र यसको लागि लामो खालको तालिम आयोजना हुनुपर्ने बताइन्।

मुद्रण उद्योग महासंघ गण्डकीका महासचिव बसन्त बास्तोलाले पनि तालिम विशिष्ठीकृत हुनुपर्ने बताए। पोउवा संघका कार्यसमिति सदस्य उत्तममान बुद्धाचार्यले गहना निर्माणको क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादनप्रति ध्यानाकर्षण गराए।

अर्का सदस्य सुदीप प्रधानाङ्गले टायल र मार्बलको काम गर्ने मान्छे बजारले खोजेको बताए। बालश्रम न्यूनीकरण कार्यक्रमकी कार्यक्रम अधिकृत प्रिति पाण्डेले अपाङ्गता र बृद्धबृद्धाको हेरचाह गर्ने जनशक्ति उत्पादनप्रति ध्यानाकर्षण गराइन्। सबैको सुझावपछि सिटिइभिटीका सहनिर्देशक जीवन भण्डारीले बजारको मागलाई छिट्टै संवोधन गरिने प्रतिवद्धता व्यक्त गरे।



सुन्तलाः म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका कृषक बगैचामा टिपेको सुन्तला संकलन गरेर बजार पठाउने तयारी गर्दै। तस्बिर : रासस

# स्याङ्जा काँग्रेसको प्रवक्तामा लम्साल

पोखरापत्र संवाददाता
स्याङ्जा, ४ माघ

नेपाली काँग्रेस स्याङ्जाको प्रबक्ताको जिम्मेवारी भरतप्रसाद लम्साललले पाएका छन्। स्याङ्जा काँग्रेसका सभापति तथा संविधानसभा सदस्य राजु थापाले लम्साललाई जिम्मेवारीको पत्र थमाउँदै प्रबक्ताको जिम्मेवारी दिएका हुन्।

नेपाली काँग्रेसको विधान-२०१७, (नवौं संशोधन-२०७५)को दफा १२ को उपदफा ५ ख (२) र उपदफा७ (ङ) द्धारा प्राप्त अधिकार प्रयोग गरी सभापति थापाले महाधिबेशन प्रतिनिधि लम्साललाई जिल्ला सदस्यमा मनोनितगर्दै प्रबक्ताको जिम्मेवारी दिएका छन्।

राजनीतिक शास्त्र र अर्थशास्त्रमा एम.ए. गरेका लम्साल स्याङ्जा काँग्रेसमा बौद्धिक नेताका रुपमा लिईन्छ। २०३६ सालबाट विद्यार्थी राजनीतिबाट राजनैतिक यात्रा थालेका लम्साल नेपाल शिक्षक संघको केन्द्रिय उपाध्यक्ष छन्। जिल्ला सदरमुकाम निवासी लम्साल जिल्ला स्थित विभिन्न सामाजिक संघ संस्थामा आबद्ध छन्। १४ औं महाधिबेशन अर्न्तगत स्याङ्जा जिल्लाको सभापतिमा निर्वाचित संविधान सभाका सदस्य समेत रहेका राजु थापाले औपचारिक रुपमा पार्टीको आन्तरिक कामलाई तिव्रता दिएका छन्। चुनावी प्रक्रियामा देखिएका चुनौतीहरुलाई अन्त्य गर्नका लागि सक्दो प्रयास गर्ने पनि सभापति थापाले बताएका छन्। पार्टीको पहिलो बैठकबाट नै संगठन निर्माणलाई प्रमुख प्राथमिकतामा राखेर अगाडी बढ्ने प्रयास भएको स्याङ्जा काँग्रेसका जिल्ला सदस्य घनश्याम रिजालले बताए। संगठनलाई तिव्रता दिनका पहिलो चरणमा जिल्लाका ११ वटै पालिकामा प्रशिक्षण कार्यक्रम राख्ने तयारी गरिएको रिजालले जानकारी दिए।

# गाउँपालिकाद्वारा कृषकलाई दूधमा अनुदान

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले कृषकलाई उत्पादनका आधारमा दूधमा प्रतिलिटर ५० पैसा अनुदान दिएको छ। उत्पादनका आधारमा अनुदान वितरण गर्दा वास्तविक कृषकसम्म सरकारको सहयोग पुग्ने भएकाले सो कार्यक्रम अघि सारिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले चालू आर्थिक वर्षमा २५ लाख लिटर दूधमा अनुदान दिनका लागि रु १२ लाख ५० हजार विनियोजन गरेको गाउँपालिका पशु शाखा प्रमुख रामचन्द्र पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकाभित्र रहेका छवटा दुग्ध उत्पादक सहकारी संस्थामार्फत सो अनुदान सम्बन्धित कृषकसम्म पुग्नेछ। उहाँले भन्नुभयो, "कृषकले उत्पादन गरेर सहकारीमा बिक्री गरेका आधारमा दूधमा अनुदान पाउनेछन्। जसले धेरै उत्पादन गर्न सक्छ, उसैले बढी अनुदान पाउनेछ।" अनुदान वितरण गर्नका लागि सहकारी संस्थाबाट प्रस्ताव आह्वान गरेको र छनोट गरिएकाले वितरण तत्कालै सुरु गरिने पौडेलले बताउनुभयो। सहकारी संस्थाबाहेक आफैं बजार खोजेर दूध बिक्री गर्ने कृषकले भने गाउँपालिकाले दिने सो अनुदान पाउने छैनन्। सहकारीमा बिक्रीका आधारमा मात्र अनुदान दिने नीति गाउँपालिकाको छ। शाखा प्रमुख पौडेलले भन्नुभयो, "सहकारीमा बिक्री गरेको रेकर्डका आधारमा चौमासिकरूपमा अनुदान कृषकलाई उपलब्ध गराउने छौं।" उत्पादनका आधारमा अनुदान दिँदा कृषकलाई पेशाप्रति हौसला बढ्ने र थप उत्पादनमा केन्द्रित हुने हुँदा व्यावसायिक उत्पादनको विकास हुने विश्वास गाउँपालिकाको छ। माछापुच्छ्रे गाउँपालिका जिल्लामै दूध उत्पादनमा अग्रणी स्थानमा छ। नौ वडा रहेकामा यहाँका अधिकांश वडामा व्यावसायिक पशुपालन फस्टाउँदै गएको बताइन्छ। मुख्यगरी वडा नं ३ घाचोक, वडा नं ४ लाहाचोक र वडा नं ६ को धितालमा दूध उत्पादन बढी हुने गरेको छ। गाउँपालिकामा सहकारीमार्फत दैनिक छ हजार लिटर दूध बिक्री हुने शाखाको तथ्याङ्क छ। यसैगरी निजी फार्मको पाँच हजार गरी दैनिक ११ हजार लिटर दूध बिक्री हुने गरेको बताइन्छ। हालसम्म गाउँपालिकामा २८० कृषि र पशु फार्म दर्ता छन्। गाउँपालिकाले चालु आव पशु सेवातर्फ यान्त्रिकीकरण कार्यक्रममा ५० प्रतिशत लागत साझेदारीमा घाँस काट्ने मेसिन कृषकलाई उपलब्ध गराउने भएको छ। यसका लागि रु पाँच लाख बजेट विनियोजन गरिएको छ। यसैगरी पशु रोग नियन्त्रण र स्वास्थ्य शिविर तथा औषधि खरिद गरी कृषकलाई निःशुल्क वितरण गर्न रु १० लाख बजेटबाट औषधि खरिद प्रक्रिया सुरु भएको गाउँपालिकाले जनाएको छ। यसै वर्षमा गाईको बाँझोपन निवारणका लागि शिविर सञ्चालन गर्ने योजना रहेको जनाइएको छ।

# एमालेका सबै कार्यक्रम स्थगित

रासस
काठमाडौं, ४ माघ

कोभिड-१९ को महामारी पुनः बढेको सन्दर्भमाा नेकपा (एमाले) ले पार्टी र जनसङ्गठनका २५ जनाभन्दा बढी सहभागी हुने सबै प्रकारका सार्वजनिक कार्यक्रम स्थगन गरेको छ।

एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्मराज अधिकारीले पार्टीका प्रदेश र जिल्ला अध्यक्षलाई आज पत्राचार गर्दै कोभिड-१९ को तेस्रो लहरसम्बन्धी नेपाल सरकारले जारी गरेको स्वास्थ्य प्रोटोकललाई ध्यानमा राखेर मातहतका पार्टीका कार्यालय सञ्चालन गर्न आग्रह गर्नुभएको छ।

पार्टीका आन्तरिक बैठक, भेला, छलफल जस्ता कार्यक्रम आवश्यक सतर्कता अपनाई आयोजना गर्न र स्थानीय नेता-कार्यकर्ता र जनप्रतिनिधिले महामारी विरुद्ध आवश्यक सतर्कता अपनाउँदै जनताको सेवामा सक्रिय रहन पनि एमालेले आग्रह गरेको छ।

एमालेले यही माघभित्र सबै प्रदेशमा अधिवेशन र आगामी फागुन मसान्तभित्र जनसङ्गठनका महाधिवेशन सम्पन्न गर्ने कार्ययोजना अघि सारेकामा ती प्रभावित भएका छन्। गत पुस २३ गते हुन नसकेका जिल्ला अधिवेशनहरू करिब २० जिल्लाको अधिवेशन पनि पर सरेको छ।


कोभिडबाट सचेत र सतर्क रहौं

कोरोना संक्रमणको जोखिम कायमै छ। यसले कुनैपनि समय महामारीको रुप लिन सक्दछ।
त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं, जमघट तथा भिडभाडमा जाँदा अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

परीक्षण गरिने रोगहरुः

बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।

प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

सर्म्पकः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# १४५ कृषकलाई ८१ लाख अनुदान

पोखरापत्र संवाददाता
बागलुङ, ४ माघ

कृषि ज्ञान केन्द्र बागलुङले कृषकले लगाएको फलफूल तथा तरकारी खेतीको क्षेत्रफलका आधारमा अनुदान दिन सुरु गरेको छ । गण्डकी प्रदेशकोअन्तर्गत बजेटबाट १४५ कृषकलाई चालु आर्थिक वर्ष २०७८/७९ स्वीकृत गरेको अनुदानमध्ये २३ कृषकका फार्मलाई क्षेत्रफलका आधारमा अनुदान स्वीकृत गरेको छ ।

केन्द्रले क्षेत्रफलका आधारमा अनुदानसँगै कृषिमा यान्त्रिकीकरण, रैथाने बाली प्रवर्द्धन, स्थानीय कृषि उपज सङ्कलन केन्द्र (हाटबजार), फलफूल बगैँचा सुधार, साना सिँचाइ कार्यक्रम र फलफूल नर्सरी स्थापनाका लागि १४५ कृषक, फार्म, सहकारी तथा समूहलाई रु ८१ लाख ७५ स्वीकृत भइसकेको कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्रले क्षेत्रफलका आधारमा यस वर्ष २३ कृषकलाई रु आठ लाख अनुदान दिन थालेको छ । "कृषकले खाली जग्गामा लगाएको तरकारी तथा फलफूललाई प्रतिरोपनी रु तीन हजारका दरले अनुदान, टनेलभित्र लगाएपछि १०० वर्गफिटको रु तीन हजारका दरले अनुदान दिन थालेका छौँ", भट्टराईले भन्नुभयो, "अनुदानमा लापरवाही नहोस् भन्नका लागि तरकारी तथा फलफूल लगाएको क्षेत्रफल नापेर अनुदान दिन थालिएको हो । यससँगै जिल्लाका चार स्थानमा कृषि उपज सङ्कलन केन्द्र, ६८ जनालाई कृषियन्त्र, रैथाने बाली प्रवर्द्धन, फलफूल नर्सरी स्थापना र फलफूल बगैँचा सुधारलगायत कार्यक्रमका ११९ किसान, फार्म, सहकारी तथा समूहलाई अनुदान दिन थालिएको छ ।"

अहिले अनुदानका लागि धमाधम सम्झौता भइरहेको छ । गण्डकी प्रदेश सरकारको बजेटअन्तर्गत अनुदान दिने कार्यक्रम सुरु भए पनि सङ्घीय सरकारका लागि अनुदान स्वीकृतका लागि फार्म, सहकारीहरूको अध्ययन भइरहेको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी तथा बागबानी विकास अधिकृत कुमार पुन मगरले जानकारी दिनुभयो । मगरका अनुसार फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापनाका सिगानाको गाउँबेँसी पोल्टीफार्म, तित्याङको गैराफाँट फलफूल तथा नर्सरी, जैमिनीको पाही कृषि तथा पशुपक्षी फार्म र कुडुलेको कुडुले कृषि फार्मलाई रु एक लाख ५० हजारका दरले अनुदान स्वीकृत गरिएको, रैथाने बाली प्रवर्द्धनका लागि विनियोजन भएको रु चार लाख बजेटबाट रेशको बैनथाना कृषि समूह, लेखानीको पसल टोल कृषक समूह, गलकोटको घुम्टे महिला कृषक समूह, गकोटकै व्यावसायिक कृषि उत्पादन तथा वितरण केन्द्र र ढोरपाटनको सिमलचौर कृषि तथा पशुपक्षी कृषक समूहले अनुदान पाएका छन् । यस्तै रु १५ लाख बजेट विनियोजन भएको कृषि उपज सङ्कलन केन्द्रबाट चार समूहले अनुदान पाएका छन् । अनुदान पाउनेमा गुहेली सञ्चार सहकारी, देवीस्थान बहुउद्देशीय सहकारी, गणेश कृषि सहकारी र दगातुन्डाँडा कृषि सहकारीलाई स्वीकृत गरिएको छ । यस्तै साना सिँचाइ कार्यक्रमअन्तर्गत विनियोजन भएको रु ३६ लाख बजेटबाट २६ समूहले रु ५० हजारदेखि दुई लाखसम्मको अनुदान पाउने भएका छन् ।

यस्तै व्यावसायिक फलफूल बगैँचा सुधार कार्यक्रमअन्तर्गत १५ किसानले रु २५ हजारका दरले अनुदान पाउन थालेका छन् । यस्तै कृषि यन्त्रिकीकरणअन्तर्गत मिनीटेलर हलो, कुटानी पिसानी र कटरलगायतमा अनुदान दिन थालिएको छ । वास्तविक किसान, यसअघि अनुदान नपाएका, व्यावसायिकरूपमा सफल भइसकेका जस्ता मापदण्डका आधारमा योजना स्वीकृत गरेर अनुदान दिन थालिएको छ ।

# कोभिड-१९ को संक्रमण जोखिमबाट खेलकुद क्षेत्रसमेत प्रभावित

– नारायण न्यौपाने
काठमाडौं, ४ माघ

कोभिड–१९ सङ्क्रमण जोखिमकाकारण मुलुकका अरु विधाजस्तै खेलकुद क्षेत्रको विकास र विस्तार पनि प्रभावित हुने सङ्केत देखिएको छ ।

खेलकुद क्षेत्रको विकासका लागि खेलाडी उत्पादन, तालिम वा अभ्यास, पूर्वाधार निर्माण र प्रतियोगिता अनिवार्य शर्त रहेकामा कोरोना सङ्क्रमणका कारण ती सबै क्रियाकलाप सुस्त र प्रभावित हुन पुगेका छन् । युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले खेलकुद क्षेत्रमा धेरै कार्यक्रम रहे पनि कोरोना सङ्क्रमणका कारण कतिपय सुरुआत गर्न, केहीलाई अघि बढाउन र सम्पन्न गर्न चुनौती खडा भइरहेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "खेल क्षेत्रको विकासका लागि पूर्वाधार महत्वपूर्ण विषय हो ।

कोरोनाबाट उत्पन्न परिस्थितिले आयोजना अधुरै रहने, छुट्याएका बजेट फ्रिज हुने, समयमा सम्पन्न हुन नसक्दा लागत बढ्ने अवस्था छ ।" पूर्वाधार निर्माण नै समयमा पूरा भएन भने खेल क्षेत्रको विकासमा अवरोध खडा हुन्छ । खेलाडी उत्पादनसँगै अभ्यास गर्ने स्थल आवश्यक पर्छ । पूर्वाधार भएन भने खेलाडीको क्षमता अभिवृद्धि हुन्न । मुलुकको खेल क्षेत्रको विकासका लागि रु एक अर्ब ५२ करोड पूर्वाधार कार्यक्रमका लागि बजेट विनियोजन हुँदै आएको छ । अघिल्लो वर्षदेखि सरकारले 'एक पालिका, एक खेलमैदान' अवधारणा अघि सार्दै कार्यान्वयन अघि बढाएको छ । उक्त कार्यक्रम मुलुकमा ७४४ पालिकामा विस्तार भइसकेको छ । यस वर्षभित्र उक्त कार्यक्रम कम्तीमा १६८ स्थानीय तहमा पुऱ्याउने मन्त्रालयले अठोट गरेको छ । उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०७८/७९ मा रु २५ करोड बजेट विनियोजन छ ।

स्थानीय, प्रदेश तथा राष्ट्रियस्तरमा सुविधासम्पन्न खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । समुदायदेखि नै खेलकुदको विकास र विस्तार गरी शारीरिक र मानसिकरूपमा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्दै अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको सम्मान अभिवृद्धि गर्न खेलकुद पूर्वाधार विकास, खेलकुद प्रतियोगिता र प्रशिक्षण सञ्चालन तथा प्रतिभावान खेलाडीलाई प्रोत्साहन गर्ने विषय बजेटमार्फत घोषणा गरिएको थियो ।

नेपालले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा करिब २५ देखि ३० खेल विधामा पदक प्राप्त गर्ने सम्भावना राख्दै आएको छ । मुलुकमा खेलकुद क्षेत्रका विकास र विस्तारमा करिब २०० को सङ्ख्यामा विषयगत खेल सङ्घ क्रियाशील छन् । त्यस्ता सङ्घले बेलाबखतमा देशभित्र खेलकुद प्रतियोगिता आयोजना गरी खेलाडीको क्षमता अभिवृद्धिका लागि वातावरण तयार गरी प्रोत्साहनसमेत गर्दै आएका छन् ।

देशमा कोभिड–१९ सङ्क्रमण जोखिमले आगामी केही समय देशभित्रै पनि प्रतियोगिता कम हुनसक्ने देखिएको छ । प्रतियोगिताको कमी हुनासाथ खेलाडीमा प्रतिस्पर्धा गर्ने क्षमतामा स्खलन आउन सक्नेछ । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता पोखरामा आयोजनाका लागि तयारी भइरहेको अवस्थामा कोरोना त्रासका बीच अहिले मिति घोषणा गर्न सक्ने स्थिति कमजोर देखिएको छ । उक्त प्रतियोगिता गर्न सकिएन भने अर्को वर्ष सेप्टेम्बरमा एशियन खेलकुद प्रतियोगितामा हाम्रा प्रस्तुति आशा गरेअनुरुप नहुन सक्छ । उक्त प्रतियोगिताअघि नै राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा खेलकुद आयोजना गरिसक्नु पर्नेछ तर कोरोनाको अहिलेको अवस्थाले प्रतियोगिताका लागि अप्ठ्यारो पार्ने सङ्केत देखाएको छ । कोभिड–१९ कै कारण खेलाडी उत्पादनको प्रारम्भिक थलो विद्यालय बन्दको अवस्था छ । शैक्षिक संस्थासँग समन्वय गरेर खेलाडी पहिचान, प्रोत्साहन र उत्पादन गर्नुपर्नेमा कोरोनाले त्यस कार्यमा ठूलो धक्का दिएको छ ।

राष्ट्रिय एकता प्रवर्द्धन गर्ने बलियो माध्यमका रूपमा रहेको खेलकुदले युवालाई अनुशासित, जिम्मेवार, समयको पालना र समूहमा रही परिणाम दिन ज्ञान दिन्छ । सचिव डा रेग्मी भन्नुहुन्छ, "मुलुकमा खेलाडी उत्पादन, अभ्यास, प्रतिस्पर्धाको क्षेत्र विकास नभएसम्म खेलकुद क्षेत्रको विकास हुन सक्दैन । खेलाडी उत्पादनसँगै अभ्यासस्थल र प्रतियोगिता आवश्यक पर्छ, अबको दायित्व भनेको प्रतिस्पर्धा बढाउने हो ।" यद्यपि सरकारले राष्ट्रिय क्षमताअनुसार पूर्वाधार निर्माणलाई अघि बढाइरहेको छ ।

मन्त्रालयले विधागत खेलकुदका सङ्घमा सुशासन प्रवर्द्धन र लोकतान्त्रिक विधिबाट पदाधिकारी छनोट कार्यलाई सघाउँदै आएको छ । खेलाडी उत्पादन, अभ्यास र पूर्वाधार निर्माणलाई मन्त्रालयले प्राथमिकतामा राखेर संयोजनकारी र सहजीकरण गर्दै आएको छ । मन्त्रालयले पछिल्लो दिनमा खेलकुद क्षेत्रमा प्रतिबन्धित औषधिको प्रयोग(एण्टिडोपिङ्ग)लाईनिस्तेज तुल्याउन खेलाडी र प्रशिक्षकलाई सचेतनासमेतप्रदानगर्दैआएकोछ।

# डुम्रे-बेँसीशहर सडक दुई लेनको

पोखरापत्र संवाददाता
लमजुङ, ४ माघ

लमजुङ र छिमेकी जिल्ला तनहुँ जोड्ने डुम्रे–बेँसीशहर सडक दुई लेनको बनाउन थालिएको छ । छिमेकी जिल्ला तनहुँको डुम्रे बजारदेखि लमजुङतर्फ निर्माण गर्न लागिएको उक्त सडक अहिले डुम्रे बजार नजिकैबाट दुई लेनको बनाउन थालिएको डुम्रे–बेँसीशहर–चामे सडक आयोजनाका इञ्जिनीयर पुरुषोत्तम अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "डुम्रे बजारबाट २२० मिटरदेखि आठ दशमलव तीन किलोमिटर चाम्बाससम्म पहिलो चरणमा दुई लेन सडक बनाउन थालिएको हो । राजमार्गको यस सडकको मापदण्ड दायाँबायाँ 'राइटअफ वे' सहित १५/१५ मिटरको हुने भएको छ ।" इञ्जिनियर अधिकारीका अनुसार १०/१० मिटर जमिनको लगतकट्टा भइसकेको छ भने अधिग्रहण गरिएमध्ये चौडाइ ११ मिटरमा सडकको संरचना बन्ने भएको छ । यसअघि तीन दशमलव ७५ मिटरको क्यारिज वे (भारवाहन सडक) रहेकामा अब सात मिटरको हुने उक्त आयोजनाले जनाएको छ । दायाँबायाँ एका एक मिटरको 'सोल्जर' तथा एक/एक मिटरको नाली निर्माण गरिने भएको छ । अहिले सडकको नाली बनाउने, चौडाइ पुऱ्याउन कटिङ गर्ने, टेवा (पर्खाल) उठाउनेलगायत निर्माण कार्य भइरहेको छ । आयोजनाका अनुसार सडकमा 'अस्फाल्ट' किसिमको कालोपत्र हुनेछ भने, कालोपत्र सकिएपछि सडक रङ्गरोगन गर्ने र किलोमिटर पोस्ट राखिने भएको छ । हालसम्म १५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको जनाइएको छ ।

आठ दशमलव आठ किलोमिटर सडक विसं २०८० कात्तिक २२ गतेसम्म सक्ने गरी आशिष अनेस्ट जेभीले गत वैशाख २२ गते ठेक्का सम्झौता गरेको थियो । डुम्रे बेँसीशहर सडक ४२ किलोमिटर रहेको छ । यस सडकको तनहुँ डुम्रेदेखि लमजुङको सिमाना पाउदी बजारसम्म २४ किलोमिटर छ । सडकका लागि भ्याट र पीएस बाहेक रु ७५ करोड ९४ लाख ९७ हजार लागत अनुमान गरिएकामा उक्त जेभीले रु ३८ करोड नौ लाख ८६ हजारमा ठेक्का सम्झौता गरेको थियो । पहिलो चरणको निर्माण सकिए लगत्तै सडकको अन्य कामसमेत अघि बढाइने बताइएको छ । छिमेकी जिल्ला तनहुँको डुम्रे बजारबाट विसं २०२९ मा खन्न सुरु गरिएको उक्त सडक बेँसीशहरसम्मको ४२ किलोमिटरसम्म पुऱ्याउन झण्डै १५ वर्ष लागेको थियो ।

विसं २०४६ मा ट्याक खुलेसँगै विसं २०५२ देखि सिङ्गल लेनको कालोपत्र थालिएको थियो । सुरु गरेको चार वर्षको अवधिमा ४२ किलोमिटर सडक कालोपत्र गरिएको थियो । कालोपत्रे भए पछि समय समयमा मर्मतसम्भार हुन नसक्दा सडक जीर्ण बन्दै गएको स्थानीयवासीको भनाइ थियो ।

उक्त सडकमा दैनिक सयौँ सङ्ख्यामा साना तथा ठूला सवारीसाधन सञ्चालन हुन्छ । डुम्रे बेँसीशहरको उक्त सडकहुँदै हिमाली जिल्ला मनाङका बासिन्दासमेत आवतजावत गर्दै आएका छन् । यी सडक दुई लेन भई कालोपत्र भए तीनै जिल्लाका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने भएका छन् ।

# थापामाथिको आक्रमणप्रति कांग्रेसको भर्त्सना

रासस
बागलुङ, ४ माघ

बागलुङ जिल्लाको जैमिनी नगरपालिका–४ का लेखबहादुर थापामाथि राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले साङ्घातिक आक्रमण गरेको भन्दै नेपाली कांग्रेस बागलुङ र नेपाल तरुण दल बागलुङले भर्त्सना गरेको छ ।

कांग्रेस बागलुङका सभापति जितबहादुर शेरचन र नेपाल तरुण दल बागलुङका अध्यक्ष उमाकान्त शर्माले आज छुट्टाछुट्टै विज्ञप्ति जारी गरी नेपाल तरुण दल जैमिनीका अध्यक्ष एवं कांग्रेस गण्डकी प्रदेश महाधिवेशन प्रतिनिधिसमेत रहेका थापामाथि यही माघ २ गते कुश्मीसेरा बजारमा दिन दहाडै साङ्घातिक आक्रमण गरी मरणासन्न अवस्थामा पुऱ्याएको भन्दै उक्त घटनाको घोर भर्त्सना गरेका हुन् ।

"दिन दहाडै कुश्मीसेरा बजारमा लेखबहादुर थापामाथि भएको आक्रमणले कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ, उक्त आततायी घटनाको कांग्रेस बागलुङ घोर निन्दा र भर्त्सना गर्दछ", सभापति शेरचनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

राजमो कार्यकर्ताको आक्रमणबाट गम्भीर घाइते भएका थापाको गण्डकी मेडिकल कलेज पोखरामा उपचार भइरहेको भन्दै कांग्रेसले उक्त निन्दनीय घटनामा संलग्न अपराधीलाई यथाशीघ्र कानूनी कारबाही बढाउन माग गरेको छ । यसैबीच नेपाल तरुण दल बागलुङका अध्यक्ष शर्माले जारी गरेको विज्ञप्तिमा पनि घटनामा संलग्न दोषीलाई यथाशीघ्र कानूनी कारबाहीको दायरामा ल्याउन माग गरिएको छ ।

# प्रधानमन्त्री कप क्रिकेट : पुलिस क्लब फाइनलमा

रासस
काठमाडौं, ४ माघ

नेपाल पुलिस क्लब प्रधानमन्त्री कप टि–२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा आज भएको खेलमा पुलिसले बागमती प्रदेशलाई ५० रनले पराजित गर्दै प्रतियोगिताको फाइनलमा स्थान बनाएको हो । जितका लागि १५६ रनको लक्ष्य पाएको बागमतीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउदै १०५ रन मात्र बनाउन सक्यो ।

बागमतीका लागि आदिल खानले सर्वाधिक २७ रनको योगदान गरे । उनले ३३ बल खेल्दै तीन चौका प्रहार गरे । कप्तान ज्ञानेन्द्र मल्लले १६ बलमा २३ रन जोड्दा चार चौका हाने । रामनरेश गिरी २२ रनमा अविजित रहे । बलिङतर्फ पुलिसका दीपेन्द्रसिंह ऐरीले पाँच, सागर ढकालले दुई तथा आरिफ शेखले एक विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गरेको पुलिसले पाँच विकेट गुमाएर १५५ रन जोड्यो । पुलिसका लागि ओपनर पवन सर्राफले अर्धशतकीय पारी खेले । उनले ५४ बलमा तीन चौका र तीन छक्काको मद्दतमा ५९ रनको योगदान दिए । दिलिप नाथले ३१ तथा अनिल साहले २५ रन बनाए । बलिङतर्फ बागमतीका नन्दन यादव र रिजन ढकालले दुई–दुई र प्रतिस जिसीले एक विकेट लिए ।

# माघ १६ देखि २० मा खोपका लागि विद्यालय खुलाइने

रासस
काठमाडौं, ४ माघ

बैठकले माघ १६ गतेदेखि २० गतेसम्म कोभिडविरुद्धको खोप लगाउने प्रयोजनका लागि विद्यालय खोल्ने निर्णय गरेको गृहमन्त्रालयका विपद् व्यवस्थापन महाशाखा प्रमुख प्रदीप कोइरालाले जानकारी दिनुभयो । त्यो समयमा विद्यालयमा खोप अभियान नै चलाइने छ ।

त्यस्तै विश्वविद्यालयस्तरमा चलिरहेका र मिति निश्चित भएका परीक्षा स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ ।

कोभिड सङ्क्रमण भएका विद्यार्थीलाई छुट्टै स्थानको व्यवस्था गरेर परीक्षा दिन पाउने व्यवस्था गर्न निर्देशन दिने निर्णय पनि बैठकले गरेको छ । त्यो सर्कुलर भने सम्बन्धित मन्त्रालयले विश्वविद्यालयमा गर्नेछ ।

त्यस्तै बैठकले हवाईजहाजमा यात्रा गर्नेलाई टिकट काट्दा नै खोपकार्ड अनिवार्य देखाउनुपर्ने व्यवस्था गर्न भनिएको छ । अनलाइन टिकट काट्नेले पनि कोभिडविरुद्ध खोप लगाएको कार्ड अनिवार्य राख्नुपर्ने व्यवस्था मिलाउन भनिएको छ ।

त्यस्तै बैठकले राष्ट्रिय परिचयपत्र र इ–पासपोर्ट बनाउन अत्यावश्यक काम परेकालाई बाहेक तत्कालका लागि स्थगन गर्न सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय पनि गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीका अस्पतालबाट पनि सर्वसाधारणलाई कोभिडविरुद्धको खोप लगाउने व्यवस्था मिलाउन भनिएको छ । विदेशबाट नेपाल भित्रने नाकामा एन्टीजेन्ट परीक्षण गर्ने र खोप नलगाएकालाई खोप लगाउने व्यवस्था गर्ने निर्णय पनि बैठकले गरेको छ ।

नेपालमा रहेका विदेशी नागरिकलाई पनि खोप लगाउने व्यवस्था मिलाउन बैठकले निर्देशन दिएको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१